# तानसेन नगरकार्यपालिका कार्यालय, तानसेन पाल्पा

## फोहरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हानको सूचना !

## प्रथम पटक प्रकाशित मिति २०७५।२।१० गते

यस नगरपालिका क्षेत्रभित्र घरघरबाट श्रृजित हुने फोहरमैलालाई तत्काल व्यवस्थित रुपमा विसर्जन गर्न र दीर्घकालीन रुपमा तानसेन नगरपालिकालाई घरघरबाटै फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन निजी सार्वजनिक साझेदारी (PPP) को आधारमा नगरपालिकाले सहकार्य मार्फत कार्य अघि बढाउने निर्णय गरे बमोजिम इच्छुक फर्म, संघ–संस्था वा कम्पनीलाई तपसिलमा उल्लेखित विषयहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अन्तिम दिन विदा परेमा त्यसको भोलीपल्ट) कार्यालय समयमा आई पुग्ने गरी प्रस्ताव पेश गर्नु हुन इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र दर्ता नभएका र प्रचलित कानून बमोजिम प्रकृया नपुगेका प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाईने छैन । साथै प्रकृया पूरागरी पेश भएका प्रस्तावहरु उपर पनि पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने एवं आंशिक रुपमा मात्र स्वीकृत गर्ने भन्ने पूर्णाधिकार यस नगरपालिकाको कार्यालयलाई सुरक्षित रहने व्यहोरा समेत जानकारी गराईन्छ ।

***<u>तपसील</u>***

१) प्रस्ताव संगसंगै फर्मसंघ–संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपि,संचालित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,पान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,विधानको प्रतिलिपि आदी ।

२) दैनिक संकलित फोहरलाई कुहिने र नकुहिने गरी छुटायको हनु पर्ने

क) कुहिनेको हकमाः तत्काल कम्पोष्ट मल बनाई व्यवसायीक रुपमा नै विक्रिवितरण गर्न सक्ने

ख) नकुहिनेको हकमाः तत्काल पून:प्रयोगमा आउने खालका सामानहरु विक्रिवितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा विक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको कुरा उल्लेख भएको हुनु पर्ने

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुटयाइसकेपछि पछि पनि कतै प्रयोग नहुने बांकी फोहरलाई नगरपालिकाले तोकेको क्षेत्र वा प्रस्तावकले तोकेको क्षेत्रमा ब्यबस्थापन गर्नु पर्ने ।

ख) तानसेन नगरपालिका तोकेको जग्गा फोहर संकलन⁄ प्रशोधन केन्द्रको लागि प्रयोग गर्न सक्ने र हाल नगरपालिकामा रहेका र फोहर मैला व्यवस्थापनको लागि प्रयोग भएका स्रोतसाधनहरु आपसि सम्झदारीमा हुने

ग) फोहर व्यवस्थापन केन्द्रको व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्ति प्रस्तावकले नै व्यवस्थापन गर्नु पर्ने उक्त जनशक्तिको तलव भत्ता फोहरजन्य वस्तुहरुको विक्रीबाट हुने आम्दानीबाट गरिने हुँदा उक्त आम्दानीमा नगरपालिकाले कुनै दावी नगर्ने ।

३) प्रस्ताव कार्यान्वयनको सिमा अवधी संम्झौतामा उल्लेख गरीने ।

४) उल्लेखित बमोजिमका प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रास्तावकलाई विषेश प्राथमिकता दिन सकिने ।

क) फोहर व्यवस्थापन सन्दर्भमा कुनै समस्या भएमा प्रस्तावक र न.पा.संयूक्त रुपमा मिलेर समस्याको समाधन गर्ने

५) स्वीकृत प्रस्तावकसंग सम्झौता गरेपछि सम्झौतामा उल्लेखित भएको कूरा सोही अनुसार गरीने

**तानसेन नगरकार्यपालीकाको कार्यालय तानसेन पाल्पा**